भारतको यही योजनाका विषयमा विस्तृत छलफल गर्न र भविष्यमा यसको विरोधका निमित्त साझा रणनीति तयार गर्ने उद्देश्यले गत जेठ ८, ९ र १० गते (जून २२ देखि २४ सम्म) विहारको राजधानी पटनामा एक क्षेत्रीय परामर्श सम्मेलन भएको थियो । उक्त सम्मेलनमा नेपाल, भारत र बंगलादेशका करिब ८० जना प्रतिनिधिहरुको सहभागिता थियो । नेपालबाट यस महासंघका संयोजक गोपाल सिवाकोटी चिन्तनको नेतृत्वमा महाकालीबाट गुणदेव भट्ट, पश्चिम सेतीबाट रतन भण्डारी, मेलम्चीबाट रामबहादुर खड्का, गण्डकबाट शैलेन्द्र गुप्ता तथा कोशीबाट अधिवक्ता देवनारायण यादवको सहभागिता रहेको थियो ।

सम्मेलनको पूर्वसन्ध्यामा विहार विधान परिषद्का सभामुख जाबिर हुसेनले संसद भवनमा ठूलो संख्यामा सांसद, बुद्धिजीवी र पत्रकारहरुको जमघट गराई एक भव्य प्रवचन कार्यक्रमको आयोजना गर्नुभएको थियो । यस अवसरमा यस महासंघ तथा दक्षिण एसियाली जल तथा जनऐक्यबद्धता मञ्चका संयोजक चिन्तनले भारतको यस कपटपूर्ण योजनाको विरोध गर्दै नेपाल भूमिमा रहेका र नेपालबाट भई भारततर्फ बग्ने सम्पूर्ण नदीहरुमा प्राकृतिक, कानुनी एवं नैतिक सबै हिसाबमा नेपालको स्वत: अग्राधिकार रहेको तथा रहनुपर्ने कुरामा जोड दिनुभएको थियो । यस विषयलाई लिएर पूर्व भारतीय जलस्रोत सचिव रामास्वामी अयरसँग निक्कै चर्काचर्की पनि परेको थियो । चिन्तनले यस क्षेत्रको पानीको सदुपयोगका निमित्त सबैभन्दा पहिले एक क्षेत्रीय सहमतिको सन्धि नै निर्माण हुनुपर्ने कुरामा पनि जोड दिनुभएको थियो ।

सम्मेलनले नेपाल, भारत तथा बंगलादेशका अन्तर्राष्टिय सीमानदी क्षेत्रमा व्यापक अभियानहरु संचालन गर्नुका साथै यस विध्वंसकारी योजनाका विरुद्ध यी तिनओटै देशमा जानकारी एवं दबाबमूलक अभियानहरु सञ्चालन गर्ने र विभिन्न विकल्पकहरुलाई अघि बढाउने उद्देश्यले गत डिसेम्बरमा काठमाडौंमा सम्पन्न अन्तर्राष्टिय सम्मेलनद्वारा गठित दक्षिण एशियाली जल तथा जनऐक्यबद्धता मञ्च (South Asian Solidarity for Rivers and Peoples-SARP) अन्तर्गत एक दक्षिण एशियाली जनस्तरीय नदी आयोग (SARP-Peoples' Commission on Rivers) समेत गठन गर्ने निर्णय गरेको छ । यस समितिमा नेपालबाट निज चिन्तन र कोशी क्षेत्रका देवनारायण यादव रहनुहुनेछ ।

अन्त्यमा, अहिले देशको आन्तरिक राजनीतिक संकटले जेजस्तो रुप लिए तापनि सँगसँगै यस भारतीय नदी जडानका सवालमा पनि नेपाल र नेपाली जनता सबै अत्यन्तै गम्भीर एवं संवेदनशील हुन जरुरी छ । नेपालले छिटोभन्दा छिटो यस योजनाका बारेमा भारतसँग विस्तृत सूचना र जानकारी माग गरी नेपालको पानी र यसको दीर्घकालिन उपयोग तथा उपभोगसम्बन्धी अडान र दृष्टिकोणसहितको श्वेतपत्र अविलम्ब जारी गर्न आवश्यक छ । साथै यस्ता अन्तर्राष्टिय नदीहरुको प्रयोगसम्बन्धी सवालमा नेपाल, भारत तथा बंगलादेशको संयुक्त सहमति हुनुपर्ने अवधारणालाई जोडदारका साथ अघि बढाउन पनि नेपालले अगुवाई गर्नुपर्दछ । समग्र अन्तर्राष्टिय कानुन र प्रचलित परम्परागत मान्यताविपरित छिमेकीहरुलाई जथाभावी पेल्ने प्रवृत्तिको उपजस्वरुप अघि सारिएको यस योजनाका बारेमा नेपाललाई असर पर्ने हदसम्मका विषयहरुमा आवश्यक परेमा हामी सबै संघर्षमा उत्रन पनि तयार हुनुपर्दछ ।

यिनै विषयहरुलाई ध्यानमा राखी निकट भविष्यमा नेपालमा पनि एक क्षेत्रीय परामर्श सम्मेलनको आयोजना गर्ने तयारी पनि भइरहेको छ । सम्मेलनमा सहभागी हुन इच्छुक व्यक्ति तथा संस्थाहरुले अहिलेदेखि नै आवश्यक सम्पर्क गर्नसक्नु हुनेछ ।

भवदीय

रतन भण्डारी